कार्यपालिकाको एक्काइसौं बैठक//स्थानः अध्यक्षज्यूको कार्यकक्ष

मितिः २०७९ साल फाल्गुण महिनाको २३ गते मंगलबार

समयः बिहान ११:०० बजे

अध्यक्षताः श्रीमान वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान वेग प्रसाद गर्बुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री भेजेन्द्रमान पुन, अध्यक्ष, वडा नं ४

श्री मिम पुन, अध्यक्ष, वडा नं ५

श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य तथा प्रवक्ता

आमन्त्रित उपस्थितिः

श्री सागर पौडेल, लेखापाल

प्रस्तावहरु:

१. किसानी प्राविधिक शिक्षालय छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०७९ सम्बन्धमा ।

२. संघ संस्था सहयोग सम्बन्धमा ।

३. क्षमता विकास योजना सम्बन्धमा।

४. वडा नं ५ वडा कार्यालय भवन बिस्तृत परियोजना प्रतिवेदन सम्बन्धमा ।

५. कर्मचारी प्रोत्साहन वितरण सम्बन्धमा ।

६. औल सडक मर्मतको खर्च लेख्ने बजेट शिर्षक सम्बन्धमा ।

७. विविध

निर्णयः

<table>
<tr><th>निर्णय नं</th><th>निर्णयको व्यहोरा</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>मालिका गाउँपालिकाद्वारा आ.व. २०७९/८० मा विनियोजित प्राबिधिक शिक्षालय छात्रवृत्ति अन्तर्गतको बजेट सम्बन्धित कार्यक्रममा खर्च गर्न कानूनी मार्ग प्रशस्त गर्न बैठकमा पेश भएको 'किसानी प्राविधिक शिक्षालय छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०७९' पारित गर्ने ।</td><td></td></tr>
<tr><td>२.</td><td>गाउँ कार्यपालिकाको कार्यालयमा आर्थिक सहयोग माग गर्दै विभिन्न संघ संस्थाले पत्राचार गरेकोमा गाउँपालिकामा विनियोजित 'अन्य संघ संस्था सहयोग' शीर्षकबाट तपसिल बमोजिमका संघ संस्थालाई उल्लिखित रकम अनुदानको रुपमा उपलब्ध गराउने ।
<table>
<tr><th>क्र.सं.</th><th>सहयोग माग गर्ने संघ संस्था</th><th>माग गरेको रकम</th><th>उपलब्ध गराउने रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>जिल्ला खेलकुद विकास समिति, म्याग्दी</td><td>१,५२,३७०</td><td>-</td><td></td></tr>
<tr><td>२.</td><td>वृद्धाश्रम सहयोग समिति, काठमाडौं</td><td>२०,०००</td><td>-</td><td></td></tr>
<tr><td>३.</td><td>म्याग्दी बहुमुखी क्याम्पस</td><td>नखुलाएको</td><td>७५,०००</td><td></td></tr>
<tr><td>४.</td><td>म्याग्दी उद्योग वाणिज्य संघ</td><td>१,१०,४००</td><td>-</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

टेक प्रसाद गर्बुजा
अध्यक्ष

हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | ५. | मानव सेवा आश्रम, बाग्लुङ | नखुलाएको | ५०,००० | |
| | ६. | नेत्रज्योति संघ बेनी | नखुलाएको | २५,००० | |
| | ७. | मङ्गला बहुमुखी क्याम्पस | नखुलाएको | ७५,००० | |

| | |
|---|---|
| ३. | मालिका गाउँपालिका र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबीच क्षमता विकास योजना निर्माणका लागि २०७९/०८/०९ मा भएको सम्झौता बमोजिम प्रचलित कानून बमोजिमको खरिद प्रक्रिया मार्फत छनौट भई कार्यादिश प्राप्त गरेको Human Development & Research Center Nepal Pvt. Ltd. द्वारा सम्झौताले तोकेका मापदण्डको अधिनमा रही तयार गरी बैठकमा पेश गरेको 'मालिका गाउँपालिकाको त्रिबर्षीय क्षमता विकास योजना आ.व. २०८०/०८१ – २०८२/०८३ स्वीकृत गर्ने । साथै गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान समक्ष प्रतिवेदन पेश गरी सम्झौता बमोजिमको रकम भुक्तानी माग गरी कार्यालयबाट निकासा दिने । गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट प्रारम्भिक प्रतिवेदन माथि प्राप्त पृष्ठपोषण महत्वपूर्ण रहेको र सो बाट प्रतिवेदन थप प्रभावकारी र कार्यान्वयनयोग्य भएको हुँदा प्राप्त पृष्ठपोषणको उच्च मूल्यांकन गरियो । सम्झौता बमोजिमको योजना निर्माण गरेको हुँदा Human Development & Research Center Nepal Pvt. Ltd. प्रति हार्दिक धन्यबाद ज्ञापन गर्ने । |
| ४. | मालिका गाउँपालिका अन्तर्गत वडा नं ५ को वडा कार्यालय भवन निर्माणका लागि श्री M B Consultant and Builders Pvt. Ltd. ले पेश गरेको बृहत परियोजना प्रतिवेदन स्वीकृत गर्ने । सो बापतको सम्झौता अनुसारको रकम भुक्तानी दिने । |
| ५. | यस अघिका कार्यपालिका बैठकहरुबाट निर्णय भए बमोजिम आ.व. २०७९/८० को 'कर्मचारी प्रोत्साहन' शीर्षकबाट खर्च लेख्ने गरी छनौट भएका कर्मचारीहरुलाई प्रति कर्मचारी रु १०,०००/- (अक्षरेपि: दश हजार रुपैयाँ मात्र) र सम्मान पत्रद्वारा प्रोत्साहित गर्न फाल्गुण मसान्त भित्र कार्यक्रम गर्ने तथा नयाँ नियुक्ति तथा सरुवा लिई आउने कर्मचारीलाई स्वागत गर्ने एवम् हालै गण्डकी प्रदेश सरकारले पारित गरेको कर्मचारीको स्तरवृद्धि सम्बन्धी बिधेयक बमोजिम स्तरवृद्धि हुने कर्मचारीलाई बधाई ज्ञापन समेत गर्ने । |
| ६. | मालिका गाउँपालिकाको वडा नं २ र ३ जोड्ने औल स्थित पहिरो क्षेत्रमा बिगतमा दुई वटा बाटो निर्माण भएको हुँदा ठूलो पहिरो गई वडा नं ३ सँगको आवतजावत अवरुद्ध भएको र सो स्थानमा प्राबिधिकको राय बमोजिम एउटा मात्र बाटो कायम हुने गरी 'रुम औल मोटर बाटो निर्माण' का लागि प्राबिधिकले |

| | | |
|---|---|---|
| | तयार गरेको लागत अनुमान बमोजिम यस अघि नै वडा नं २ ले रु पाँच लाख, वडा नं ३ ले रु चार लाख एवम् हिउँदे सभाबाट रु आठ लाख विनियोजन भएकोमा उक्त रकम अपुग हुने हुँदा थप दायित्व बापत भुक्तानी गर्नु पर्ने रु १६,३०,००० (अक्षरेपिः सत्र लाख तीस हजार रुपैयाँ मात्र) विपद व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने । | |
| ७. | क) मालिका गाउँपालिका भित्र सञ्चालन हुने योजनाहरुको अनुगमनको सन्दर्भमा रु पाँच लाखसम्मका योजनाहरु वडा स्तरीय अनुगमन समितिबाट एवम् सो भन्दा बढि लागतका योजनाहरु गाउँपालिका स्तरीय अनुगमन समितिबाट गर्ने/गराउने र समितिहरुले प्रतिवेदन दिए पश्चात मात्र भुक्तानी दिने ।<br>ख) वडा नं ५ बाट सिफारिस भएको देवीस्थान स्वास्थ्य चौकीमा खानेपानी व्यवस्थापन गर्न आवश्यक पर्ने भनी माग गरिएको १६ एम एम को ४०० मिटर पाइप गाउँसभाबाट विनियोजित खानेपानी पाइप खरिद अन्तर्गतको शीर्षकबाट गर्ने ।<br>ग) वडा नं ४ स्थित सिस्नेरी खोला जलविद्युत आयोजनाको मर्मत सम्भार बापत पेश भएको जेनेरेटर खरिदको बिल बमोजिमको रकम विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी गर्ने ।<br>घ) वडा नं ४ स्थित भतिखोला झोलुङ्गे पुल निर्माणमा माथिबाट खसेको पहिरोले अबरोध सिर्जना गरेकोले उक्त पहिरो हटाउन प्राबिधिकको लागत अनुमान बमोजिम रु १,६७,००० (अक्षरेपिः एक लाख सतसट्ठी हजार रुपैयाँ मात्र) बिपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने ।<br>ङ) मालिका गाउँपालिका वडा नं ६ स्थित दरबाङ बजार क्षेत्रमा टेलिफोन नेटवर्कमा समस्या भएकोले अप्टिकल फाइबर व्यवस्थापन गर्न प्रक्रिया अगाडि बढाउने र भुक्तानी सम्बन्धमा आगामी बैठकले निर्णय लिने ।<br>च) वडा नं ४ स्थित सेर भनारी र तल्लो खटेनको बस्ती संरक्षणका लागि चालु आ.व. को विनियोजित बजेटमा बिपद् व्यवस्थापन शीर्षकबाट रु ५,००,००० (रु पाँच लाख रुपैयाँ मात्र) थप गर्ने । | |

वेग प्रसाद गर्बुजा
अध्यक्ष

हेमराज
प्रमुख प्रशासकीय अधिकृत